मिति २०७८।०६।२० गते बसेको गाउँकार्यपालिका बैठकको प्रस्तावहरुका निर्णयहरु :-

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०७८।०६।०४ गते बसेको गाउँकार्यपालिका बैठकको निर्णयहरु मोटर बाटो मर्मत, करार कर्मचारी म्याद थप, दैनिक ज्यालादारीको रुपमा प्राविधिक नियुक्ती गर्ने, कोभिड १९ अस्पतालको व्यवस्थापन कार्यान्वयन भएको पाईयो ।

निर्णय नं. २. प्रस्ताव नं २ माथि छलफल गर्दा होङ्सी शिवम सिमेन्ट प्रा.लि. संग एक वटा एम्बुलेन्स माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकामा नेपाल विद्युत प्राधिकरणवाट विद्युतीकरण कार्यको प्रगति प्रतिवेदन माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका तथा वडा कार्यालयवाट संकलन भएको राजश्वको बैंक दाखिला गर्न भौगोलिक जटिलताका कारण कठिन भएकोले १५ दिन भित्र राजश्व दाखिला गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको आ.व. २०७८।०७९ को योजनाको उपभोक्ता तालिम वडा नं. १,२,३,४,५,६ र ७ मा २०७८।०७।१५ गते भित्र सम्पन्न गर्ने निर्णय गरियो।

निर्णय नं. ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा गाउँपालिकाको लागि आवश्यक एक वटा गाडी भाडामा लिने निर्णय गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुबाट दशैंको शुभकामना सन्देश प्रशारण गर्ने निर्णय गरियो । साथै वडा कार्यालयहरुले शुभकामना सन्देश प्रशारण गर्दा रु. ५०००।– सम्मको खर्च गर्न सक्ने निर्णय गरियो ।

निर्णय नं. ८. प्रस्ताव नं ८ माथि छलफल गर्दा वडा नं. ७ को सामाजिक सुरक्षा भत्ता दुई वटा बैंकवाट भुक्तानी हुदैं आएकोमा वडा नं. ७ को वडा समितिलाई एक वटा बैंक छनौट गर्न निर्देशन दिने निर्णय गरियो । जस्ता पाताको टेण्डर गर्दा २६ गेजको निलो रङ्गको खरिद गर्ने निर्णय गरियो । मिति २०७८।०५।३१ मा प्रकाशित ढुङ्गा ,गिट्टी,,वालुवा सम्बन्धि सुचना अनुसार रितपुर्वक प्रस्ताव पेश नभएका घाटहरुको पुन:सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निस्दी गाउँपालिका, पाल्पा

राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner